

# प्याराशुटबाट हाम्फाल्ने प्रथम महिला अन्नपूर्ण कुँवर



- आरती पौड्याल

**अन्नपूर्ण कुँवर** सानैदेखि बिरामी र अशक्तहरूको हेरविचार गर्न रुचाउनुहुन्थ्यो। सोही स्वभावका कारण उहाँले आफ्नो अध्ययनको क्षेत्रका रूपमा स्वास्थ्य क्षेत्रलाई नै रोज्नुभयो। तत्कालीन ख्यातिप्राप्त विश्वविद्यालयका रूपमा परिचित पञ्जाब युनिभर्सिटीअन्तर्गत लेडी रिडिङ हस्पिटल, सिमलाबाट सन् १९६४ मा नर्स तथा मिडवाइफका सम्पूर्ण तालिमहरू पूरा गरी आवश्यक डिग्री हासिल गर्नुभएकी अन्नपूर्ण कुँवर नेपाली महिलाहरूका माझ सम्मानित राष्ट्रिय व्यक्तित्वका रूपमा परिचित हुनुहुन्छ। उहाँको जीवनमा अनेक उतारचढाव आए। अनेक क्षेत्रहरू थपिए र कहीँ कतै पनि उहाँले आफ्नो छविलाई ओझेलमा पर्न दिनुभएन। कहिल्यै हार्न र झुक्न नजान्ने कुँवर जुन क्षेत्रमा जानुभयो त्यो क्षेत्रमा आफ्नो विशेषता कायमै राख्नुभयो। उहाँ नर्सहरूमध्येबाट प्यारासुटबाट सफलतापूर्वक हाम्फाल्ने पहिलो नेपाली महिला हुनुहुन्छ।

सन् १९४४ मा तनहु जिल्लामा जन्मनुभएकी अन्नपूर्णका बुबा खड्गसिंह अधिकारी र आमा कौशल्या अधिकारी हुन्। जन्मेको ६,७ महिनाको उमेरमा नै अन्नपूर्ण बुबाआमासित भारतको पञ्जाब जानुभयो। देशमा राणा शासनविरुद्ध आन्दोलन भइरहेको र बुबा नेपाली काँग्रेसमा आस्था राख्ने भएकाले पनि देश छोडेर जानुपर्ने अवस्था आएको उहाँ बताउनुहुन्छ। उहाँको परिवार २० वर्षपछि मात्र नेपाल फर्कियो। पञ्जाब विश्वविद्यालयमा उहाँ मिडवाइफ पढ्नुहुन्थ्यो भने त्यही विश्वविद्यालयमा डाक्टर पढ्ने देशराज बहादुर कुँवरसँग उहाँको मन मिल्दै गयो। पछि उहाँहरूको प्रेमलाई आमाबुबाले पनि स्वीकृति दिएपछि सन् १९६२ मा देशराज बहादुर कुँवरसँग विवाह भयो। देशराज बहादुर कुँवर नेपालकै प्रथम मनोचिकित्सक हुनुहुन्छ। अहिले उहाँहरूका एक छोरी, दुई छोरा छन्।

उहाँले भारतबाट फर्कनु भएपछि श्रीमान् देशराज बहादुर कुँवर, मेजर भीमबहादुर गुरुङसँग मिलेर काठमाडौँको भुइँखेलको सत्तलमा सुकुल ओछ्याएर निःशुल्क स्वास्थ्य सेवा दिन थाल्नुभयो। पछि डा.दिव्यश्वरी मल्लले पनि यस स्वास्थ्य सेवामा सहयोग गर्नुभयो। पुरानो कुरा सम्झना गर्दै उहाँ भन्नुहुन्छ- लामो समय हामीले निःशुल्क सेवा सञ्चालन गऱ्यौँ। त्यो बेला पेट दुखेको (जुका परेको) र खुट्टा दुख्ने बिरामी धेरै आउँथे। बिरामीलाई औषधि पनि सित्तै दिने गर्थ्यौँ।

सन् १९६४ मा वीर अस्पतालको नर्सिङ सेवाबाट जिविका शुरु गर्नुभएकी अन्नपूर्ण केही वर्ष त्यहाँ काम गरेपछि नर्सकै रूपमा सैनिक अस्पतालमा प्रवेश गर्नुभयो । त्यहाँ पनि उहाँले आफूलाई प्रथम प्रशिक्षित महिला लेफ्टिनेन्ट नर्सका रूपमा उभ्याउन सफल हुनुभयो ।

आफ्नो जिम्मेवारीलाई सक्रियता र इमान्दारीपूर्वक निर्वाह गर्ने उहाँको बानीले एक दिन उहाँको कमान्डर इन चिफ सुरेन्द्र बहादुर शाहले उहाँको काम गराइबाट प्रभावित भएर सोध्नुभयो- तिमी के चाहन्छौ ?

उहाँले पनि निडर भएर जवाफ दिनुभयो- सर, मैले प्याराजम्प गर्न पाऊँ । एउटी महिलाले प्याराजम्प गर्न पाऊँभन्दा कमाण्डर इन चिफ एकछिन अक्मकिनुभयो । किनभने तत्कालीन समयमा पुरुषहरू (सेना) ले मात्र प्याराजम्प गर्ने गर्थे । यद्यपि 'ल ठीक छ' भन्ने कमाण्डर इन चिफको स्वीकृति पाउनुभयो । त्यो बेला उहाँ सुत्केरी भएको दुई महिनामात्र भएको थियो । भर्खर सुत्केरी भएको शरीर भए पनि प्याराजम्प गर्ने तालिममा सहभागी हुनै पर्‍यो । उहाँमा कुनै दुविधा थिएन, म सुत्केरी भएकाले प्याराजम्पमा सहभागी हुन सक्दिन भन्ने कुरामा । कमजोर मन पनि बनाउनुभएन । अन्नपूर्ण कुँवरले वि.सं.२०२६ मङ्सिर १३ गते काठमाडौँको चोभारमा १६ हजार फिटको उचाइबाट प्याराजम्प गर्नुभयो र उहाँ पहिलो नेपाली महिला 'प्यारासुट जम्पर' हुनुभयो ।

उहाँ सम्झना गर्नुहुन्छ- तालिम सकिएपछि मसँग प्यारा फोल्डर सुन्दरी श्रेष्ठ र कमला थापा सहित प्याराजम्प गर्दा आँट गर्‍यो भने महिलाले पनि गर्न सक्ने रहेछन् भन्ने लाग्यो । २०२६ सालमा प्रजातन्त्र दिवसको दिन पारेर रत्न राज्यलक्ष्मी शाहबाट उहाँलाई प्याराविन सम्मान प्रदान गरियो ।

उहाँ नर्सकै रूपमा काम गरिरहेकै बेला ब्रिटिस एशोसिएसन अफ अकुपेशनल थेरापिष्टद्वारा हर्टन हस्पिटल, इप्सम, सुरेमा आयोजित मनोचिकित्सामा प्राथमिक उपचारसम्बन्धी प्रशिक्षण कार्यक्रममा सन् १९७३ जनवरीदेखि डिसेम्बरसम्म भाग लिई त्यस संस्थाबाट प्रमाण पत्र गरी आफूलाई स्वास्थ्यसँग सम्बन्धित हरेक क्षेत्रमा योग्य बनाउँदै जानुभयो ।

उहाँले सन् १९९१ मा फिलिपिन्सबाट लागू पदार्थ दुर्व्यसन नियन्त्रण तथा पुनर्स्थापना विषयमा आवश्यक तालिम लिएर सोही वर्ष फिलिपिन्समै आइ.एफ.एन.जी.ओ.द्वारा आयोजित लागू पदार्थविरुद्ध सम्मेलनमा सहभागी भई प्रसंशापत्र प्राप्त गर्नुभयो। साथै उहाँले नेपालको तर्फ बाट लागू पदार्थविरुद्धको अभियानमा आफ्नो ऐक्यबद्धता दर्शाउनु भएको थियो ।

उहाँले गरेका कामहरूलाई उच्च मूल्याङ्कन गर्दै अमेरिकास्थित अमेरिकन बायोग्राफिकल इन्टिच्यूटले बीसौं शताब्दीका प्रेरणाप्रद व्यक्तिहरूको सूचीमा अन्नपूर्ण कुँवरको नाम पनि समावेश गरेको थियो ।

उहाँ हाल कम्युनिटीको सर्वसम्मत निर्वाचित प्रतिनिधि बनेर नेप्लिज आर्मी इन्स्टिच्यूट अफ हेल्थ साइन्सेजमा कार्यकारी सदस्यका रूपमा क्रियाशील हुनुहुन्छ ।

लागू पदार्थ दुर्व्यसन नियन्त्रण संघको संस्थापक सदस्यसमेत रहनुभएकी अन्नपूर्ण कुँवर अहिले आफ्नो फुर्सदको समय स्वयम्भूस्थित आफ्नै घरमा लागू पदार्थ दुर्व्यसनीलाई सल्लाह सुझाव दिने तथा उनीहरूको रेखदेख गर्ने काममा बिताई रहनुभएको छ । समाजसेवी अन्नपूर्ण कुँवर धनञ्जय कुँवर समाज नेपाल, कुँवर समाज नेपाल तथा राष्ट्रिय विभूति वीर बलभद्र कुँवर प्रतिष्ठानको संस्थापक सदस्य हुनुहुन्छ । ७२ वर्षको उमेरमा पनि उहाँ सामाजिक क्षेत्रमा निरन्तर क्रियाशील हुनुहुन्छ ।